# कुन्ता शर्माका कवितामा पितृसत्तात्मक शासनका विरुद्ध नारी विद्रोह

**सुभाषचन्द्र न्यौपाने, विद्यावारिधि**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

suvash.neupane@mahmc.tu.edu.np

https://doi.org/10.3126/dristikon.v14i1.66073

## लेखसार

प्रस्तुत लेखमा कवि कुन्ता शर्माका फुटकर कविताहरूमा नारीवादी चिन्तनमा आधारित भएर अभिव्यक्त गरिएका पितृसत्तात्मक शासन व्यवस्थाका विरुद्धका चिन्तनका बारेमा विश्लेषण गरिएको छ । नारीवादी चिन्तन राजनीतिबाट साहित्यमा आएको लिङ्ग केन्द्रित अवधारणा हो । पितृसत्तात्मक शासन व्यवस्थाले नारीलाई हेर्ने दृष्टिकोण र नारीहरूले पितृसत्तात्मक व्यवस्थाका विरुद्ध उठाएका आवाजलाई यस वादले जोड दिएको पाइन्छ । कवि कुन्ता शर्माको *म उभिएको ठाउँ* (२०५२) कविता सङ्ग्रहभित्र समाविष्ट कविताहरूमा पितृसत्तात्मक शासन विरोधी नारीवादी विद्रोही चेतना केकस्तो रूपमा प्रस्तुत भएको छ भन्ने प्राज्ञिक प्रश्नको उत्तरको खोज गर्नु यस लेखको उद्देश्य रहेको छ । शर्माले नारीवादी चिन्तनका विविध आयाम भएका कविताहरूको रचना गरेकी छन् । उनको *म उभिएको ठाउँ* कविता सङ्ग्रहभित्र समाविष्ट विभिन्न कविताहरूमा पितृसत्तात्मक शासन व्यवस्था विरोधी सघन आवाजहरू प्रस्तुत भएका छन् । प्रस्तुत कविता सङ्ग्रहमा समाविष्ट नारीवादी चिन्तनमा आधारित कविताहरूको नारीवादी विश्लेषणका क्रममा पुस्तकालयीय अध्ययनबाट सामग्रीहरू सङ्कलन गरी नारीवादी चिन्तनका पितृसत्तात्मक शासन व्यवस्था विरुद्धका आवाज, नारीप्रतिको सामाजिक दृष्टिकोण, नारीमाथि हुने शोषण, नारीमुक्तिको चेतना, विद्रोहको अभिव्यक्तिका सैद्धान्तिक पृष्ठभूमिमा आधारित भएर सङ्कलन गरिएका गुणात्मक तथ्यहरूलाई आधार मानेर नारीवादी चिन्तनको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ । पाश्चात्य नारीवादी चिन्तनकै दार्शनिक मान्यताबाट अनुप्राणित भएर लेखिएका शर्माका फुटकर कविताहरूमा पितृसत्तात्मक नारी विद्रोहको कुशल प्रयोग गरिएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : आत्मसम्मान, नारीवाद, पितृसत्तात्मक शासन, विद्रोह, स्वतन्त्रता

## विषयप्रवेश

कवि कुन्ता शर्मा (२००३) को *म उभिएको ठाउँ* (२०५२) पितृसत्तात्मक शासन व्यवस्थाका विरुद्ध नारीवादी विद्रोही चेतनालाई आधार मानेर लेखिएको कविता सङ्ग्रह हो । आधुनिक नेपाली कविताको समसामयिक युगमा कवि शर्माले प्रगतिशील चिन्तन, मार्क्सवादी चेतना, सामाजिक विकृतिविसङ्गति र नारीवादी चेतनालाई आधार बनाएर कविता लेखेकी छन् । कवि शर्माको *म उभिएको ठाउँ* पितृसत्तात्मक शासन व्यवस्थाका विरुद्ध नारीहरूले गरेको विद्रोह, परम्परित समाजको नारीप्रतिको दृष्टिकोण र नारीहरूमा पलाउँदै गएको विद्रोही चेतनालाई आधार मानेर लेखिएको कविता सङ्ग्रह हो । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमध्ये छओटा कवितामा समाजले नारीलाई हेर्ने दृष्टिकोण, नारीहरूको विवशता, पुरुषको एकाधिकार र नारीहरूमा विकसित हुँदै गएको विद्रोही भावका साथै स्वतन्त्रताको चाहनाको औचित्यपूर्ण प्रयोग गरिएको छ । नारीवादीका विभिन्न स्वरूप तथा

अवस्थाहरूको प्रयोग गरिएका शर्माका फुटकर कविताहरूको पितृसत्तात्मक शासन व्यवस्था विरोधी विद्रोही नारीवादी चिन्तनसम्बन्धी अध्ययन हालसम्म नभएकाले यसैलाई समस्याकथनका रूपमा उठान गरिएको छ । प्रस्तुत अध्ययनमा नारीवादी चिन्तनअन्तर्गतको पितृसत्तात्मक शासन विरुद्धको नारी विद्रोहमा आधारित भएर शर्माका फुटकर कविताहरूको विश्लेषणात्मक अध्ययनलाई यस लेखको उद्देश्य बनाइएको छ । कवि शर्माका फुटकर कविताहरूको अध्ययनका क्रममा पितृसत्तात्मक विद्रोही चेतनाका आधारमा मात्र विश्लेषण गर्नु यस लेखको सीमाङ्कन रहेको छ भने पितृसत्तात्मक विद्रोही चेतनाका आधारमा शर्माका कविताहरूको विश्लेषण नगरिएकाले सोही शोध रिक्तता पूरा गर्नका लागि प्रस्तुत लेख तयार पारिएको हो ।

## शोधसामग्री तथा अध्ययन विधि

कुन्ता शर्माका कवितामा पितृसत्तात्मक शासनका विरुद्ध नारी विद्रोह विषयको प्रस्तुत लेख तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीको स्रोतका रूपमा कवि कुन्ता शर्माको *म उभिएको ठाउँ* (२०५२) कविता सङ्ग्रहलाई उपयोग गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहलाई आधार मानेर लेखिएका तथा नारीवादी चिन्तनसँग सम्बन्धित भएर लेखिएका विभिन्न अध्येताहरूद्वारा लेखिएका पुस्तकलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । फुटकर कविताहरूको अध्ययनका क्रममा पितृसत्तात्मक शासन व्यवस्थाका विरुद्ध उठाएका आवाज अभिव्यक्त भएका कवितांशहरूमा आधारित भई गुणात्मक तथ्यका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनलाई व्यवस्थित गर्नका लागि पाश्चात्य नारीवादी सैद्धान्तिक मान्यतालाई नै सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरेर कवि कुन्ता शर्माका प्रतिनिधि कविताहरूको विश्लेषण यस लेखमा गरिएको छ ।

पाश्चात्य साहित्य समालोचना र सिद्धान्तका क्षेत्रमा दोस्रो विश्वयुद्धपछि उदाएका विभिन्न सिद्धान्तहरूमध्ये नारीवादी समालोचनाले शोषित, पीडित नारीको विश्लेषणलाई आधार मानेको पाइन्छ । नारीवादले यसले शोषित, पीडित नारीको पक्षमा वकालत गर्छ । साहित्यमा नारीवादी चिन्तनको प्रारम्भ खासगरी सन् १९५० को दशकपछि भएको देखिन्छ । मुख्यतया पुरुषप्रधान समाजका विरुद्ध नारी विद्रोहलाई यस समालोचना पद्धतिले आÏनो आधारभूमि बनाएको छ । राजनीतिबाट साहित्यमा ओर्लिएको फेमिनिज्म शब्दको नेपालीकरण नै नारीवाद हो । नारीवाद राजनैतिक समतामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो । यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा बढी नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खशोघ गर्ने र परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी हो (एटम, २०६१, पृ.१५४) । यसले समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचार धाराका साथै साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा मूल्य र स्वरूपको विरोध गर्छ । नारीवादी समालोचनाले स्वयम् नारीहरू जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र के क्रिया गर्छन् भन्ने गतिविधिलाई विशेष महत्त्व दिन्छ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, मान्यता, कल्पना, र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्नेतर्फ दह्रो पाइला चालेको छ (शर्मा र लुइटेल २०६१, पृ. ३७१) । यसरी नारीलाई नै केन्द्रमा राखेर लेखिने समालोचना नारीवादी समालोचना हो भन्ने कुरा पुष्टि हुन्छ । नारी जातिका तर्फबाट साहित्यलाई बुझ्ने र बुझाउने तथा नारीलाई सामाजिक, साँस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको अन्त्य गर्ने आन्दोलन नै नारीवाद हो । यो यौन स्वतन्त्रताको अधिकार प्राप्ति तथा सर्वतोमुखी पितृसत्तात्मक शोषणको विरोधको सशक्त हस्ताक्षर हो (एटम, २०६१,

पृ.१५४) । यसले शारीरिक, अनुभूतिगत, भाषागत, मनोविश्लेषणात्मक, सामाजिक र आर्थिक रूपले पुरुष नियन्त्रित मान्यता र विभेदको विरोध गर्छ ।

नारीवादी चिन्तनको प्रारम्भ अमेरिकाली स्वतन्त्रता सङ्ग्राम तथा फ्रान्सेली राज्यक्रान्तिदेखि नै भएको देखिन्छ । लिङ्गका आधारमा मानव जातिकै अपमान गर्ने परम्पराको भयावह परिस्थितिको चित्रण गर्दै विश्वविख्यात लेखिका सिमोन द बुआले *द सेकेन्ड सेक्स* (१९४९) प्रकाशन गरेपछि समकालीन नारीवादी आन्दोलनमा निकै तीव्रता आएको देखिन्छ (बराल र एटम २०५६, पृ.८९) । नारी आफैँले आÏनो अस्तित्वका लागि गर्नुपर्ने सङ्घर्षको प्रकटीकरणसँगै पाश्चात्य समाजमा नारीमुक्तिको आन्दोलनले विश्वव्यापी मोड एवम् गति लिँदै अगाडि बढेको देखिन्छ । साहित्यिक नवआन्दोलनका लागि आह्वान गर्दै नारीवादीहरूले पुराना आलोचकका यौनरूढिलाई पर्दाफास गरी तिनका नारीवादी व्याख्या र नारी लेखकका धारणालाई पुनर्निर्माण एवम् पुनर्जीवित गर्नुपर्ने कुरामा जोड दिन थालेका छन् (एटम, २०६१, पृ.१५६) ।

नारीवादी चिन्तनको विकास तीन चरणमा भएको पाइन्छ । प्रथम चरणमा पितृसत्तात्मक प्रवृत्तिको विरोधका रूपमा यो चिन्तन अगाडि बढेको देखिन्छ । पुरुषले नारीमाथि गर्ने थिचोमिचो, अन्याय र अत्याचारका बारेमा सजगता र सचेतता फिँजाउने काम यस चरणमा भएको थियो । यस चरणममा साहित्यमा नारीलाई उचित स्थान नदिएकोमा विरोध जनाउँदै नारीको पक्षमा उभिन आह्वान गरिएको छ । दोस्रो चरणमा नारीसाहित्यको खोज प्रारम्भ भएको छ । यस चरणमा नारीहरू कसरी सफल र सशक्त लेखक बन्न सक्छन् भन्ने चिन्तन प्रस्तुत गरिएको छ । पुरुष क्षमता र नारी क्षमतामा फरक नभएको तर अवसर र सामाजिक मान्यताका कारण नारीहरू पिछडिएका र दुर्बल बनेका विचारहरू पनि यस चरणमा प्रस्तुत गरिएको छ । यसका साथै नारीद्वारा लेखिएका कृतिहरूको खोजी गर्दै नारीले नारीलाई कसरी चित्रण गरेका छन् भन्ने चासोसमेत राखिएको छ । तेस्रो चरणमा नारीवादी आन्दोलनको स्थापना र विकास तीव्र रूपमा भएको छ (शर्मा र लुइँटेल, २०६१, पृ.३७५) । यसरी नारीवादी मूल्यमान्यता र सिद्धान्तको विस्तार समालोचनाका क्षेत्रमा अघिबढेको छ । नारीवादी समालोचनालाई मनोवैज्ञानिक, जीववैज्ञानिक, ऐतिहासिक, राजनैतिक र भाषावैज्ञानिक कोणबाट परीक्षण गर्ने कार्यसमेत यस चरणमा सक्रिय रूपमा हुन थालेको पाइन्छ । यही नारीवादी सैद्धान्तिक अवधारणाका आधारमा कवि कुन्ता शर्माका फुटकर कविताहरूको विश्लेषण यस लेखमा गरिएको छ ।

## परिणाम तथा छलफल

कवि कुन्ता शर्माद्वारा रचना गरिएको *म उभिएको ठाउँ* कविता सङ्ग्रहमा पाश्चात्य नारीवादी चिन्तनको सघन प्रस्तुति रहेको छ । यस कविता सङ्ग्रहमा पितृसत्तात्मक शासन व्यवस्थामा समाजको नारीप्रतिको दृष्टिकोण, नारीमाथि हुने शोषण, नारीमुक्तिको चाहना, विद्रोही नारीवादी चिन्तनको अभिव्यक्ति र पुरुषप्रतिको आक्रोश प्रकट भएको छ ।

### नारीप्रतिको सामाजिक दृष्टिकोण

नेपाली समाज सदियौँदेखि पितृसत्तात्मक शासन व्यवस्थामा चलेको हुनाले यस समाजका नारीहरूलाई समाजले हेर्ने दृष्टिकोण पनि पितृसत्तात्मक चिन्तनमा नै आधारित रहेको छ । नारीलाई बोल्ने, स्वतन्त्रताको हकअधिकार माग्ने, आफ्ना इच्छा र चाहनाहरू प्रकट गर्ने स्वाधीनता समाजले प्रदान गरेको छैन । नारीहरूका पनि आफ्ना इच्छा, चाहना र भोगाइ हुन्छन् भन्ने कुरा पितृसत्तात्मक सामाजिक चिन्तनमा कहिल्यै पनि नआएको र पुरुषहरूकै आँखाबाट नारीलाई पनि हेरिएको सामाजिक दृष्टिकोण कवि शर्माका विभिन्न कविताहरूमा प्रस्तुत

भएका छन् । नारीलाई निर्धा र कमजोर ठानेर कसरी गिद्धे दृष्टिले हेरिएको छ भन्ने सामाजिक दृष्टिकोणलाई यसरी प्रस्तुत गरिएको छ :

विकृत आँखाहरू कोपर्न खोज्छन् मलाई
अश्लील भाषाहरू तर्साउँछन् मलाई
ब्वाँसाहरू सुम्सुम्याउन खोज्छन्
बलियाहरू हप्काउन दप्काउन खोज्छन् । (पृ.३)

प्रस्तुत कविताांशमा समाजको हिंस्रक सामाजिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । यहाँ समाजको पुरुष वर्गले नारीमाथि गर्ने दमन र शोषणको रूप केकस्तो भयानक र उग्र थियो भन्ने कुरा स्पष्ट पार्दै विकृत आँखाहरूले कोपर्दै नारीको अस्मितामाथि अश्लील भाषाहरूमार्फत खेलवाड गर्ने र उपकारका नाममा ब्वाँसाहरूले सुम्सुम्याउँदै कलेजो झिकेर खाने र त्यसो गर्न नसके हप्काएर, दप्काएर भए पनि नारीमाथि यौन शोषण गर्ने प्रवृत्ति समाजमा स्थापित भइसकेको छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यस कविताांशका माध्यमबाट समाजको दृष्टिकोणमा नारीहरू भोग्या मात्र हुन्, उनीहरूको कुनै अस्तित्व छैन भन्ने सामाजिक दृष्टिकोण रहेको सन्दर्भलाई सघन रूपमा प्रस्तुत गरिएको छ ।

नारीलाई पितृसत्तात्मक व्यवस्थाले जेजसरी उपयोग गर्दा पनि हुन्छ भन्ने सन्दर्भलाई पौराणिक प्रतीकका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

कहिले दुःशासन भएर
बीच सभामा नङ्ग्याऊ
कहिले कृष्ण बनेर
उपहारमा साडी पुऱ्याऊ
जसरी मन लाग्छ प्रयोग गर । (पृ.७)

प्रस्तुत कविताांशमा महाभारतको मिथकका माध्यमबाट प्रतीकात्मक रूपमा नारीमाथि समाजको दृष्टिकोण कति पक्षपाती छ भन्ने विचार अभिव्यक्त भएको छ । कहिले दुःशासन बनेर बिच सभामा नङ्ग्याउँदा पनि कोही नारीको पक्षमा आवाज उठाउने भएनन् । यो समाजको नीतिनियम र कानुन बनाउने नै पुरुष वर्ग भएकाले नारीले त्यत्रो राजसभामा नाङ्गो बन्नु पऱ्यो । यसरी एउटी अबला नारीको चरित्रहत्या गर्दा पनि आवाज उठाउनु हुँदैन भन्ने दृष्टिकोण समाजको भएकाले यस किसिमको विरूप दृष्टिकोणप्रति कटु आलोचना गरिएको छ । आफ्नो आवश्यकता पूरा गर्न कहिले कृष्ण बनेर सारी पुऱ्याउने अनि आफ्नो स्वार्थ पूरा गर्ने सामाजिक महाभारतकालीन दृष्टिकोण आज पनि समाजमा विद्यमान छ । जसरी मन लाग्छ प्रयोग गर्ने र मन नपरे प्रयोग विहीन वस्तुजस्तै नारीलाई फ्याक्ने प्रवृत्तिप्रति तीव्र आलोचना गरिएको छ ।

नारीले समाजमा बोल्नु नहुने, घरपरिवारभित्रै सीमित रहेर बालबच्चाहरूलाई तन्मयताका साथ हुर्काउनु पर्ने सामाजिक दृष्टिकोणलाई पोथी बास्नु हुँदैन कवितामा कवि शर्माले यसरी प्रस्तुत गरेकी छन् :

पोथीले मात्र कुर्कराउनुपर्छ
आक्रोशका घुड्काहरू चुपचाप निल्नुपर्छ
अण्डा पार्नुपर्छ, ओथारा बस्नुपर्छ
चल्ला काढ्नुपर्छ अनि

तन्मयतापूर्वक बच्चाहरू हुर्काउनुपर्छ
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ.११)

कवि कुन्ता शर्माको *म उभिएको ठाउँ* कविता सग्रहमा समाविष्ट पच्चीसओटा कविताहरूमध्ये पहिलो नारीवादी कविता 'नामर्दकी स्वास्नीको गनगन' मा नारीप्रति समाजको दृष्टिकोण प्रस्तुत गरिएको छ । समाजमा घरपरिवारको सम्पूर्ण जिम्मेवारी नारीले समाल्नु पर्ने पुरुष भने घरको जिम्मेवारी र दायित्वबाट सधैँ बेखबर भएर पनि उसलाई कसैले जिम्मेवारीको बोध नगराउने, पुरुषमा आफ्नो परिवारप्रतिको जिम्मेवारी बोध नहुँदा पनि समाजले उसलाई केही नभन्ने तर नारीले अनेक पारिपारिक समस्याहरूमा जुधिरहनुपर्ने सामाजिक दृष्टिकोणलाई यसरी प्रस्तुत गरिएको छ :

समस्या जटिल छन्
जुझिरहनु पर्ने सधैँभरि
परिस्थितिहरू कुटिल छन्
भिडिरहनुपर्ने सधैँभरि । (पृ.६)

प्रस्तुत कवितामा घरपरिवारको सम्पूर्ण जिम्मेवारी एउटी नारीको काँधमा थुपारेर पुरुषहरू भने विभिन्न बहानामा गैरजिम्मेवार बनी बरालिएको सन्दर्भका माध्यमबाट नारीप्रतिको सामाजिक दृष्टिकोण प्रस्तुत गरिएको छ । नारीहरूले भने सधैँ सङ्घर्ष गरिरहनु पर्ने, जटिलताहरूसँग जुझिरहनु पर्ने तर पुरुषहरू भने घरपरिवारका सबै जिम्मेवारीबाट पन्छिँदै आआफ्ना सुरमा बरालिइरहँदा पनि कुनै फरक नपर्ने, नारीले सधैँ जिम्मेवारीमा जोतिइरहनु पर्ने अवस्थाको चित्रणका माध्यमबाट नारीप्रतिको परम्परित सामाजिक दृष्टिकोण प्रस्तुत गरी नारी विद्रोहको भावना अभिव्यक्त गरिएको छ ।

पितृसत्तात्मक समाजको एकलकाँटे व्यवस्थाका कारण नारीहरू चिन्ताका भुमरीमा घेरिँदा घेरिँदा कहालिनुपर्ने अवस्थाको सिर्जना भएको छ । जुन व्यवस्थाका कारण नारीहरू छट्पटाइ छट्पटाइ बाँच्न विवश छन् । यस्तो अवस्थामा समाजका विकृत आँखाहरूले नारीहरूलाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ भन्ने सन्दर्भलाई कवितामा यसरी स्पष्ट पारिएको छ :

विकृत आँखाहरू कोपर्छन् मलाई
अश्लील भाषाहरू तर्साउँछन् मलाई
ब्वाँसाहरू सुम्सुम्याउन खोज्छन्
बलियाहरू दप्काउन खोज्छन् । (पृ.३)

समाजको दृष्टिकोण नै नारीहरूलाई कोपर्न खोज्ने, अश्लील भाषामार्फत नङ्ग्याउन खोज्ने, बलिया हातहरूले सुम्सुम्याउन खोज्ने, हप्काएर, दब्काएर आफ्नो स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्तिको छ । त्यसैले नारीको अस्मिता सङ्कटमा छ, जसलाई जोगाउन नारीहरूले नै अग्रसर हुनुपर्छ भन्दै नारीहरूलाई सङ्घर्षशील हुन आह्वान गरिएको छ । छातीभरि अथाह ऊर्जाशक्ति भएर पनि त्यस ऊर्जालाई सदुपयोग गर्ने अवस्था सृजना हुन सकेको छैन । केही गर्ने उत्साहले नशा नशामा रगत तरङ्गित भएको छ तर आफ्नै स्वामी भने स्वार्थमा डुबेको छ । घरभरि पुरुषहरूको बाहुल्य छ तर पारिवारिक जिम्बेवारीको बोध कसैलाई छैन । जेठो मधुशालामा चेतन तन्तुहरूलाई लुला बनाएर प्यालाहरूमा मस्त छ । माइलो आफैँलाई खोक्रो बनाउँदै वैभवशालाहरूमा घुमिरहन्छ । साइलो जुवाको

खालमा जमेको छ । काइलो आफ्नै आमालाई बन्धक बनाउने योजनामा छ । कान्छो कन्याहरूको पछि लाग्दै कुन कुनामा पसेको छ । यी सबैको जिम्मेवारी घरकी आमा नारीले उठाउनु परेको छ । अनेक समस्याहरूसँग नारीले एक्लै जुध्नु परेको छ । यी पारिवारिक साङ्लाहरू आफूलाई मञ्जुर नभएको र स्वाधीनताका लागि बलिदान हुन तयार रहेको नारीवादी क्रान्तिकारी भावना यस कवितामा अभिव्यक्त भएको छ । आफू स्वाधीनताका लागि बलिदान हुन तयार रहेको नारीवादी विद्रोही भावना यस कवितामा यसरी प्रस्तुत गरिएको छ :

स्वाधीनताका लागि
बलिदान हुन तत्पर छु बरु म
तर मान्य छैन
दासत्वको अमृतपान मलाई
गद्दार नभनिऊन् मेरा सन्ततिहरू
म बहादुर योद्धाहरूकी जननी
मनमा हजारौँ सपनाहरू पालिरहेकी
उज्यालो परिवेशतिर नियालिरहेकी (पृ.६)

प्रस्तुत सन्दर्भमा यसप्रकार नामर्दकी स्वास्नीको विचारका माध्यमबाट सम्पूर्ण नेपाली समाजका नारीजातिका बाध्यात्मक अवस्थाको चित्रण गरिएको छ भने सधैँ घरपरिवारको जिम्मेवारीमा रहँदा रहँदै पनि आफूभित्रको अदम्य साहस, ऊर्जा र सपनाहरू समाप्त हुँदै गएकोमा अब भने यस्तो अवस्थाबाट मुक्त हुनका लागि जस्तोसुकै बलिदान गर्न पनि तयार रहेको साहसी, बलिदानीपूर्ण भावनाको सशक्त प्रस्तुतिले यो कविता नारीवादी चिन्तन बोकेको विद्रोही कविता हो भन्न सकिन्छ ।

प्रस्तुत कवितामा नारीवादी चिन्तनका साथै नेपालका राजनैतिक चरित्रहरूप्रति व्यङ्ग्य गरिएको छ । प्रस्तुत कवितामा कथयिताका रूपमा रहेकी नारी नेपाल धर्ती हुन् । सबैकी जननी हुन् । उनले नेपालका राजनैतिक व्यक्तिहरूको अव्यावहारिकता, स्वार्थी र अनैतिक कार्यप्रति तीव्र व्यङ्ग्य प्रहार गरेकी छन् । तसर्थ प्रस्तुत कविता प्रतीकात्मक रूपमा सशक्त नारीवादी कविता हो र यहाँकी नारी हामी सबैकी आमा, धर्ती र जीवनदायिनी पृथ्वी हुन् । पुरुष भनेका नेता देश हाक्ने नेतृत्व वर्ग हो । जसले कहिल्यै पनि यस देशको उन्नति र प्रगतिका लागि कार्य गर्न सकेन भन्ने प्रतीकात्मक अभिव्यक्ति पनि यस कविताले प्रस्तुत गरेको छ ।

**पितृसत्तात्मक व्यवस्थाको अन्त्यको चाहना**

कवि कुन्ता शर्माको 'हामी सहँदै जाउँला' नारीवादी चेतनाले भरिएको अर्को सशक्त कविता हो । प्रस्तुत कवितामा सदियौँदेखि पुरुषको दासता सहँदै आएका नारीहरूमा पितृसत्तात्मक व्यवस्थाका विरुद्ध आगो ओकल्ने चेतना पलाएर आइसकेकोले अब कुनै न कुनै दिन त्यो विद्रोहको ज्वाला फुट्ने र परम्परागत पितृसत्तात्मक व्यवस्थाको अन्त्य हुने विद्रोही क्रान्तिकारी नारीवादी स्वर अभिव्यक्त भएको छ ।

पितृसत्तात्मक समाजले नारीहरूलाई कहिले तरबार भिराएर युद्धमा होमेको छ भने कहिले घरबार जिम्मा लगाएर आफू स्वतन्त्र भई घुमेको छ । कहिले रणचण्डी बनाउँदै रङ्गमञ्चहरूमा नचाएको छ भने कहिले कोठीमा रण्डी बनाउँदै नारीकै अस्मितामाथि खेलवाड गरिरहेको छ । समाजले जसरी मन लाग्छ त्यसरी नारीहरूलाई उपयोग गरेकोमा कवि तीव्र आक्रोश प्रकट गर्छिन् । समाजले नारीलाई पस्केको भातसरह मूल्यहीन ठानेको छ । जसलाई खाए पनि हुन्छ नखाए पनि हुन्छ । नारीहरूले आफू खुट्टाको जुत्तासरह पेलिएको अनुभव गरेका छन् ।

समाज नारीका लागि अत्यन्त क्रूर भएको छ । पुरुष वर्ग कहिले दुःशासन बनेर सभाका बिचमा नारीलाई नङ्ग्याउन पछि पर्दैन भने कहिले कृष्ण बनेर उपहारमा साडी पुऱ्याउने निहुँमा नारीकै अस्तित्व लुट्न पछिपरेको छैन । सड्यन्त्रकारी पितृसत्तात्मक समाजले जसरी उपयोग गरे पनि नारीहरूले सहनुपरिरहेको अवस्थाप्रति अत्यन्त आक्रोश पोखिएको छ ।

समाजका लागि नारीहरूले कठपुतली बन्नु परेको छ । कठपुतलीलाई नचाउने डोरी पुरुष वर्गकै हातमा रहेको छ । पितृसत्तात्मक समाज व्यवस्थाका कारण नारीहरूलाई कहिले दायाँ घुमाइन्छ, कहिले बायाँ घुमाइन्छ । कहिले इन्क्लब जिन्दाबाद भन्दै नारा घन्काउन लगाइन्छ भने कहिले न्याय र समानताका लागि राज्यसत्ताका विरुद्ध मुर्दावादको नारा लगाउन गलाइन्छ तर नारीहरूले समाजमा न्याय र समानताको अनुभव गर्न पाएका हुँदैनन् । समाजको शासन व्यवस्थालाई मन परे नारीलाई उकासेर आकाशमाथि पुऱ्याइन्छ भने मन नपरे पातालमुनि खसालिन्छ । नारीहरू कहिल्यै आफू खुसीले अगाडि बढ्न सक्ने अवस्थामा छैनन् । नारीहरूलाई अगाडि बढ्ने अवसर समाजले नदिएकोमा शर्माका कवितामा तीव्र आक्रोश पोखिएको छ ।

समय समयमा नारीहरूले पितृसत्तात्मक व्यवस्थाका कारण जिउँदै चितामा जल्नुपरेको छ । सतीप्रथाका नाममा नारीहरूलाई वैधानिक रूपमा जिउँदै जलाउने यो सामाजिक व्यवस्थाका विरुद्ध नारीहरूको मौनता कहिलेसम्म हो भन्ने प्रश्न उठाइएको छ । कहिले दाइजोका नाममा, कहिले जातभातका नाममा नारीहरूलाई रुखका पोथ्राहरूमा झुण्ड्याइन्छ भने कतै नारीका यौवनहरूलाई सेतो कात्रोमा बेरिन्छ । अनेकौँ कहरहरूमा प्रतिपल रुवाउँदै बन्दी जीवन बिताउन बाध्य पारिन्छ । कहिले स्नेहपूर्वक गलामा सजाइन्छ भने कहिले घृणपूर्वक नालीमा गाडिन्छ । पितृसत्तात्मक शासन व्यवस्थाले जे गरे पनि धैर्यशील भएर सहिरहनुपर्ने नारीहरूको विवशताको अब अन्त्य भएको छ । सहनशीलताको बाँध फुटेको छ । अब नारीहरूमा समाजका विरुद्धको, पितृसत्तात्मक शासन व्यवस्थाका विरुद्धको चेतनालाई ज्वालामुखी बनेर ओकल्ने चेतना आएको छ । नारीमाथिका अन्याय, अत्याचार, शोषण र थिचोमिचोका विरुद्ध झिल्को बनेर डढाउन पर्ने अवस्था आएको सन्दर्भलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

> हरेक कुराको सीमा हुन्छ
> परमाणुले पनि संसार ध्वस्त गर्न सक्छ
> शान्तभन्दा शान्त स्थानमा
> भयानक विस्फोटन लुकेको हुनसक्छ
> फूलभन्दा कोमल सम्झन्छौ आज जसलाई तिमी
> भोलि बज्रभन्दा कठोर हुन सक्छ
> सहनशीलताको त्यो बिन्दुसम्म, त्यो रेखासम्म । (पृ.८)

सहनशीलताको पर्खाल भत्किएपछि परमाणुले पनि संसार ध्वस्त पार्न सक्छ । नारीभित्रको ज्वालामुखी परमाणु बनेर क्रमशः बिस्फोटका लागि तयार हुँदैछन् । शान्तभन्दा शान्त स्थानमा पनि भयानक बिस्फोटनको शक्ति लुकेको हुन्छ । आजसम्म शान्त बनेर समाजमा विरुद्ध आवाज बन्द गरेर बसेका नारीजातिहरू बिस्फोट हुन तयार भएका छन् । समाजले नारीलाई फूलभन्दा पनि कोमल ठानेको छ तर अब नारीहरू बज्रभन्दा पनि कठोर भइसकेका छन् । त्यसैले शोषणको यो पराकाष्ठा कहिलेसम्म हो, गर्दै जाऊ । अब नारीको विद्रोहको ज्वाला विस्फोट हुन्छ तब तिम्रो यो सम्पूर्ण परम्परित व्यवस्थाको अन्त्य हुनेछ भन्ने नारीवादी चिन्तनको सशक्त विद्रोही चेतना यस कवितामा प्रस्तुत भएको छ ।

**प्रतीक र व्यङ्ग्यका रूपमा विद्रोहको अभिव्यक्ति**

कवि कुन्ता शर्माको 'पोथी बास्नु हुँदैन' नारीवादी चेतनाले भरिएको सशक्त र प्रतिनिधि कविता हो । यही कविताबाट कवि शर्माको पहिचान स्थापित भएको थियो । प्रस्तुत कविताको शीर्षकलाई नै पुस्तकको आवरणमा राखेर *म उभिएर ठाउँ पोथी बास्नु हुँदैन लगायतका कविताहरू* भनी उल्लेख गर्दै यसलाई विशेष महत्त्व दिइएको छ । कवि कुन्ता शर्मालाई नारीवादी लेखकका रूपमा स्थापित गर्ने कविता नै यही हो । यो कविता हजारौं पटक विभिन्न सभा सहारोहहरूमा दर्शक वर्गबाट अन्यन्त रुचाएर वाचनका लागि अनुरोध गरिएको र सुनाइएको कविता हो । प्रस्तुत कवितामा शिष्ट व्यङ्ग्य र प्रतीकका रूपमा नारीवादी चेतनालाई अत्यन्त सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

'पोथी बास्नु हुँदैन' प्रतीकात्मक नारीवादी कविता हो । यहाँ पोथी भनेर नारी जातिलाई प्रतीकका रूपमा उभ्याइएको छ । कुखुराका भाले र पोथीमध्ये ककसले केके गर्छन् सोही विषयलाई आधारभूमि बनाएर पोथी बास्नु हुँदैन भनी यहाँ नारी जातिले बोल्ने हकअधिकार छैन, उनीहरूको आवाज बन्द गरिएको छ भन्ने अभिव्यक्तिका माध्यमबाट नारीवादी विद्रोही चेतनालाई प्रस्तुत गरिएको छ ।

समाजमा बोल्ने अधिकार पुरुषको मात्र छ । सधैँ सधैँ घरका धुरीहरूमा, आँगनका बरन्डाहरूमा, बार्दलीहरूमा, खेतबारीका डिलहरूमा ठुलो आवाज निकालेर बोल्न पाउने भनेको पुरुषले मात्र हो । नारीहरूले ठुलो आवाजमा बोल्नुसम्म हुँदैन । उनीहरूले आफ्नो आवाजलाई सधैँ दबाएर राख्नुपर्छ । आफूलाई भन्न मन लागेका कुराहरू पनि मनबाट प्रकट गर्नुहुँदैन भनेर नारीहरूलाई बोल्ने अधिकारसम्म नदिएको समाजिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

नारीहरूले केवल भित्रभित्रै आफ्ना आवाजहरूलाई दबाएर राख्नुपर्छ । समाजसँगका आफ्ना असन्तुष्टिहरू, विद्रोहका भावहरू चुपचाप आँसुका घुड्कासँगै पिउनुपर्छ । पुरुषकै वंशवृद्धिका लागि गर्भाधान गरी बच्चा जन्माउनुपर्छ । तन्मयताका साथ तिनीहरूलाई हुर्काउनु, बढाउनुपर्छ । कुनै क्षण पनि नारीले उन्मुक्त हाँसो हाँस्नु हुँदैन भनेर समाजको पितृसत्तात्मक व्यवस्थाले नारीमाथि लगाइएको बन्देज, घरको चौघेराभित्र थुनिएर कलपुर्जाझैँ बच्चा जन्माउँदै हुर्काउँदै गर्नुपर्ने विवशतापूर्ण अवस्थाका माध्यमबाट परम्परित पुरुषवादी समाजप्रति तीव्र आक्रोश पोखिएको छ । समाजका अगाडि नारीहरूले बोल्नुपर्दा पनि तौली तौली बोल्नुपर्ने, हरेक व्यक्तिलाई सम्बोधन गर्दा आदरका भावका साथ शब्दहरूको चयन गर्नुपर्ने, पाउमा निहुरिएर निरीहता प्रकट गर्नुपर्ने, घरपरिवारभित्रै दाससरह जीवन बाँच्नुपर्ने, सामाजिक मर्यादाका लक्ष्मण रेखाहरू कहिल्यै नाघ्नु नहुने, आफ्ना हकअधिकार कसैका सामु माग्नु नहुने अवस्थाको वर्णनका माध्यमबाट नारीहरूको जीवन दास युगको जस्तै कठोरतामा, मालिकहरूका निगाहमा चलिरहेको हुनाले यो दासत्वपूर्ण जीवनबाट माथि उठ्न र आफ्ना हकअधिकारको प्राप्तिका लागि नारीहरूले आफ्नो आवाजलाई सशक्त बनाउनु पर्ने नारीवादी चेतना अभिव्यक्त भएको छ ।

समाजमा नारीहरूले आँसुलाई आफ्नो सुरक्षाको हतियार बनाएका छन् । मुस्कानलाई आत्मरक्षाको आधार बनाएका छन् । यी हतियारहरूलाई नारीहरूले परिस्थितिअनुसार उपयोग गरेर बाँचेका छन् । सत्य कुरा बोल्नबाट यिनै हतियारहरूले रोकेका हुनाले अब यी निरीह हतियारको साटो सशक्त आवाज लिएर आफ्ना हकअधिकारको खोजीमा निर्भीक बनी समाजका अगाडि उभिनुपर्ने नारीवादी चिन्तन यस कवितामा अभिव्यक्त भएको छ ।

नारीहरूले कुनै कुरामा टेक लिनु हुँदैन । पितृसत्तात्मक समाजका कुनै पनि कार्यमा थुनछेक गर्नुहुँदैन । समाजले जे जे गरे पनि मालिक मालिक भन्दै सुगाले रटेझैँ रट्नुपर्छ । यन्त्रजस्तै भएर काममा निरन्तर खट्नुपर्छ । लक्ष्मण रेखा पार गरेर कुनै नयाँ परिवेशमा टेक्नु हुँदैन । परम्पराका विरुद्ध कुनै नयाँ विचार बोल्नु हुँदैन भनेर समाजले कसरी नारीहरूमाथि वर्वर दमन गर्दै आएको थियो, उनीहरूका हकअधिकार परै जाओस् नैसर्गिक रूपमा बोल्न र हाँस्न पाउने अधिकारबाट समेत वञ्चित गराई पिँजडाको सुगासरह बन्दी बनाइएको थियो र सुगालाई मालिक मालिक रटाएजस्तै नारीहरूलाई पनि सीमित बोलीमा नियन्त्रित गरिएको थियो भन्दै अब यो दासत्वको जञ्जिर सधैँभरि यसरी नै रहिरहन सक्दैन, यो जञ्जिर तोडेर उन्मुक्त रूपमा हाँस्ने, बोल्ने, आफ्ना हकअधिकारका लागि समाजमा नयाँ नयाँ विचारको प्रक्षेपण गर्ने समय भइसकेकाले सबैले मौनतालाई तोड्नुपर्ने विचार यस कवितामा अभिव्यक्त भएको छ ।

नारीहरूले समाजमा आफ्नो आवाज बुलन्द गरेमा साह्रै अनिष्ट हुने अन्धविश्वासका विरुद्ध अब नारीहरू जागृत हुनुपर्छ, नीतिनियमका विरुद्ध आवाज उठाएर पितृसत्तात्मक शासनमा परिवर्तन गर्नुपर्छ, यसो गर्दा नारीहरूले आँसुको नदी बगाउनु परे पनि पछि पर्नु हुँदैन, जीवनका सपना तहसनहस हुनबाट हामीले आफूले आफैँलाई बचाउनुपर्छ, समाजका अनेक प्रहारका वाण सहने सक्ने सामर्थ्य जुटाउनुपर्छ, अन्धकारको पर्दा झारेर ज्ञानको नवज्योति हुनुपर्छ, अवरुद्ध चेतनालाई प्रवाहशील तुल्याउनुपर्छ, जडताका विरुद्ध गतिशील पाइलाहरू चलाउनुपर्छ, यसो गर्दा जीवन नै सङ्कटमा पर्नसक्छ तर पनि हामी नारीले आफूलाई बलिदान गरेर भए पनि भविष्यका नारीहरूको हकअधिकार र दासताबाट मुक्तिका लागि ज्यानको बाजी लगाउनु पर्ने धारणा कवितामा यसरी अभिव्यक्त भएको छ :

जडताका विरुद्ध
गतिशीलताका पाइला चाल्न खोज्दा
उज्यालाले कुत्कुत्याएपछि
आँटिला मुटुहरूले मुख खोल्दा
साँचो कुरा बोल्दा
आतङ्कित बर्बरताहरू
एकैपल्ट ब्युँझिएर
जीवनका विरुद्ध
मृत्युघण्ट ठोक्न सक्छन्
एकोहोरो शङ्ख फुक्न सक्छन्
त्यसैले ठूलो आँठ नलिई
दरिलो साथ नलिई
काँडाघारीमा पस्नु हुँदैन
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ.१३)

प्रस्तुत कविता नेपाली साहित्यकै नारीवादी कविताको ज्वलन्त नमुना हो । व्यङ्ग्यका माध्यमबाट समाजमा सारा जडताका विरुद्ध नारीहरूमा दरिलो आँट, स्वाभिमान र अहंकार जागृत हुनुपर्ने, जस्तासुकै कठिन सङ्घर्षहरूलाई पनि पार गरेर नारीहरूले दासताबाट मुक्तिको खुला सास फेर्न पाउनुपर्ने, जीवनका कहरहरूबाट

मुक्तिको सास फेर्न पाउनुपर्ने र आफ्ना सारा उन्मुक्त विचार, भावना र अभिव्यक्तिहरू विना सङ्कोच समाजका सामु प्रस्तुत गरेर सामाजिक विभेदका विरुद्ध सतीसालझैँ खडा हुन सक्ने चेतना नारीहरूमा विकसित भइसकेको धारणा यस कवितामा प्रस्तुत भएको छ ।

कवि कुन्ता शर्माको *म उभिएको ठाउँ* कविता सङ्ग्रहमा समाविष्ट 'धातु' कवितामा धातुलाई नारीकी प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । धातुलाई मेसिनले आवश्यकताअनुसार ताप बढाएर वा घटाएर विभिन्न वस्तुहरूमा पुनर्निर्माण गरेजस्तै समाजले पनि नारीजातिलाई धातुसरह उपयोग गरेको सन्दर्भलाई यस कवितामा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ ।

धातुलाई ताप बढाएर पगाल्न सकिएजस्तै नारी जातिलाई समाजले विवशताको भुङ्ग्रोमा जलाएको छ । ताप घटाएर औजारमा परिवर्तन गरेजस्तै नारी जातिलाई केवल काम गर्ने औजारसरह तुल्याइएको छ । धातुका औजारहरूलाई पसलहरूमा किन्न र बेच्न सकिएजस्तै नारीहरू विक्रिवितरणका वस्तुसरह मूल्यहीन बनाइएकोमा यस्तो कठोर व्यवस्थाप्रति कवि शर्माले तीखो व्यङ्ग्य प्रहार गरेकी छन् ।

प्रस्तुत कवितामा पितृसत्तात्मक शासन व्यवस्थाको प्रतीकका रूपमा यन्त्रलाई लिइएको छ । यन्त्रको हातमा परेपछि उसको इच्छाअनुसार विभिन्न रूपहरूमा धातुले पग्लिनु परेझैँ नारीले पनि परम्परागत पितृसत्तात्मक शासनको जाँतोमा पिल्सिँदै विभिन्न स्वरूपमा आफूलाई समर्पित गर्नुपर्छ । नारीहरूको जीवनका मिठा सपना र विपनालाई समाजको जञ्जिरले बाँधेको हुनाले नारीका कुनै उन्मुक्त सपना र विपना हुँदैनन्, उनीहरूले आआफ्ना इच्छा आकांक्षाहरूलाई सधैँ दबाएर राख्नुपर्छ । कुनै पनि लक्ष्य बोकेर नारी अगाडि बढ्न सक्दिन । उसको लक्ष्यको डोरी अर्कैको हातमा रहेको हुन्छ । नारीहरूले त लक्ष्यविहीन जीवन बाँच्नुपर्छ । सामान्य एक निर्जीव वस्तुलाई आवश्यकताअनुसार मानवले प्रयोग गरेजस्तै नारीलाई समाजले कहिले माथि पार्छ र उच्च सम्मान दिन्छ । कहिले तिरस्कृत गर्दै माटोमा मिलाउँछ । नारीको आवश्यकता भए सोकेसमा सजाउन र नभए धुल्याएर मिल्काउन सक्ने यस समाजका विरुद्ध अब सम्पूर्ण नारीहरूले एकत्रित भई आवाज बुलन्द गरेर अघि बढ्नुपर्ने, दासताका विरुद्ध चेतनाको दियोलाई जोगाउँदै सबैतिरका बाधाहरूबाट जोगाउनुपर्ने र सबै किसिमका बन्धनलाई चुडाएर मुक्तिको सास फेर्न पाउनुपर्ने विचार प्रतीकात्मक रूपमा यस कवितामा अभिव्यक्त भएको छ ।

समाजले नारीलाई आआफ्ना आवश्यकताअनुसार कसरी विभिन्न रूपमा उपयोग गरिरहेको छ भन्ने कुरालाई कवि शर्माले यसरी प्रस्तुत गरेकी छन् :

विवश बिचरा धातुहरू
अर्कैको इच्छामा पग्लिनुपर्ने
अर्कैको इच्छामा जम्नुपर्ने
अर्कैको इच्छामा पत्रु हुनुपर्ने
अर्कैको इच्छामा नयाँ बनिनुपर्ने
विभिन्न रूपहरूमा
विभिन्न आकारहरूमा
थालहरूमा, बटुकाहरूमा, गिलासहरूमा
कसौँडीहरूमा, खड्कुलाहरूमा, लोहोटाहरूमा
पूजा सामग्री सजाउने थालीहरूमा
पञ्चपात्रो र आचमनीहरूमा

धूपदानी र पिकदानीहरूमा
कुनामा राखिने मलमूत्र त्यागिने कोपराहरूमा
मन्दिरमा राखिने पूजापाठ गरिने देवमूर्तिहरूमा । (पृ.१५)

अनन्त कालदेखि नारीहरूले यही धातुको विवशता भोग्नुपरेको छ । जञ्जिरको दासता भोग्दाभोग्दै पुस्तौँपुस्ता बितेका छन् । यस्तो अवस्थाबाट कुनै पनि समयमा मुक्तिको सास फेर्न नपाएकाले नारीहरूको दासी भन्ने परिभाषा कहिल्यै फेरिएको छैन । समाजमा समानताको हक र आवाज उठाउन पाउनुपर्ने आशाा गरेको युगौँ भयो त्यो आज पनि जस्ताको तस्तै छ । समय निकै परिवर्तन भइसक्यो, युगले कोल्टे फेरिसक्यो, समयको गतिसँगै धेरै कुरामा नवनिर्माणका आधारहरू देखिए पनि नारीमुक्तिको आवाज उठ्न सकेको छैन । चेतनाको दियो बल्न सकेको छैन । जीवन लाससरह भए पनि जीवन बाँच्ने भोग भने जाग्ने गरेको छ । हृदयभित्र मरिसकेका इच्छाहरूको पुनः बीजाधान भएको छ । आफ्नै जीवनको निर्णय आफैँ धोको पलाउँदै गएको छ । यो धोको कुनै एक कुनै एक नारीमा मात्र होइन संसारका सारा नारीहरूमा यही धोको पलाउनुपर्ने विचार यस कवितामा प्रस्तुत भएको छ । विगत त दासतामै बित्यो तर अब वर्तमान र भविष्यको गोरेटो आफैँ कोर्ने बेला आएको छ । आफैँ सोचविचार गर्ने र वर्षौंदेखि दबिएर रहेका हरेक रहरहरू पूरा गर्ने दिन आएको छ भन्ने विचार यस कवितामा प्रस्तुत भएको छ ।

**चेतनाको उद्बोध**

सदियौँदेखि पितृसत्तात्मक दासताको जञ्जिरबाट मुक्तिका लागि अब विस्तारै नारीहरूमा चेतनाको बीजाधान हुँदै गएको र क्रान्तिका लागि बदिलानीपूर्ण आन्दोलन गर्नसमेत सक्ने सामर्थ्य नारीहरूमा विकसित हुँदै गएको नारीवादी चेतनालाई कवितामा यसप्रकार प्रस्तुत गरिएको छ :

हातखुट्टा निदाउने गरी
कसिएका दासताका साङ्लाहरू
मस्तिष्क नै झन्झनाउने गरी
जेलिएका पराधीनताका जालहरू
सबैसबै नै चुँडालिदिँदै
सबैसबै नै फालिदिँदै
स्वतन्त्रता र स्वाधीनताको
आत्मविश्वास र आत्मगौरवको
नीलो र फराकिलो आकाशमा
आकासिँदै आकासिँदै जाने आकाङ्क्षा
झ्याङ्गिँदै गएको छ, फैदिँदै गएको छ । (पृ.१६)

सदियौँदेखि हातखुट्टा निदाउने गरी लगाइएका दासताका साङ्लाहरूलाई तोड्ने साहस नारी जातिहरूमा भरिएको छ । मस्तिष्क झन्झनाउने गरी जेलिएका पराधीनताका ज्वालाहरू सबैसबै चुँडालेर फाल्दै स्वतन्त्रता र स्वाधीनताका लागि एकजुट हुन नारीहरूलाई शर्माका कवितामा आह्वान गरिएको छ भने उन्मुक्तिको फराकिलो र नीलो आकाशमा विचरण गर्ने चेतनाको उद्घोष गरिएको छ । स्वतन्त्रताको उन्मुक्त चाहना फैलिँदै फैलिँदै विशाल महल बन्न पुगेकाले अब कसैले पनि पराधीनतामा, दासत्वपूर्ण जीवन बाँच्न विवश हुनुपर्ने छैन किनकि अब

नारीहरूमा जागृतिको लहर आइसकेको छ भन्ने नारीवादी चेतना यस कवितामा सशक्त रूपमा अभिव्यक्त भएको छ ।

## निष्कर्ष

कवि कुन्ता शर्मा नारीवादी चेतनालाई उचाइमा पुऱ्याउने सशक्त नारी स्रष्टा हुन् । पञ्चायती व्यवस्थाको निरङ्कुशताका विरुद्ध प्रगतिवादी चेतनालाई वरण गर्दै नेपाली साहित्यमा प्रगतिवादी कविका रूपमा उदाएकी शर्माका कवितामा नारीवादी चेतनाको सशक्त अभिव्यक्ति पाइन्छ । खासगरी उनको २०५२ सालमा प्रकाशित *म उभिएको ठाउँ* कविता सङ्ग्रहमा प्रकाशित कविताहरूमध्ये छओटा कवितामा प्रबल रूपमा नारीवादी चेतनाको अभिव्यक्ति भएको छ । उनका अन्य कविताहरूमा पनि आंशिक रूपमा नारीवादको प्रयोग गरिएको पाइए पनि प्रस्तुत लेखमा विश्लेषण गरिएका छओटा कविताले नै उनलाई प्रबल नारीवादी स्रष्टाका रूपमा चिनाएका छन् । नारी जातिले सदियौँदेखि पुरुषको दासताबाट मुक्ति पाउन नसकिरहेको अवथामा अब क्रमशः नारीहरूमा चेतनाको बीजाधान भएको छ । सधैँ बोल्न, लेख्न, पढ्न र आफ्ना अधिकारका कुरा गर्न डराउने नारीहरूले अब विद्रोहको आगो ओकल्न थालेका छन् । नारीहरूको सहनशीलताको अन्त्य भएको छ । अबका नारीहरू कसैको अधीनतामा बस्न रुचाउँदैनन् । उनीहरू स्वाभिमानी भएका छन्, स्वतन्त्र भएका छन् भन्दै नारीहरूमा आएको शिक्षा, राजनीति, समाजसेवा, परोपकार, हकअधिकार र स्वतन्त्रताको चाहनाकै कारण उनीहरू अब हरेक क्षेत्रमा सबल र सक्षम बन्दै गएका कुराको वर्णन कवि कुन्ता शर्माका कवितामा गरिएकाले उनका कविता पूर्ण नारीवादी चेतनाले भरिएका छन् । त्यसैले शर्मा सशक्त नारीवादी कवि हुन् भन्ने निष्कर्ष यिनै छओटा कविताहरूको विश्लेषणबाट प्राप्त भएको छ ।

## सन्दर्भसामग्री


एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* साझा प्रकाशन ।

चौधरी, दीपकला (२०७५). *समालोचक भोलानाथ पोखरेलको समालोचनाकारिता.* त्रिभुवन विश्वविद्यालय. महेन्द्र बहुमुखी क्याम्पस धरान. स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

ढकाल, मणिराज (२०६६). *नेपाली साहित्यमा लक्ष्मी सडकका कविता पत्रिकाको योगदान.* त्रिभुवन विश्वविद्यालय. महेन्द्र बहुमुखी क्याम्पस धरान. स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

न्यौपाने, सुभाषचन्द्र (२०७९). *धरानको नेपाली कविताको विकास.* त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइमा प्रस्तुत अप्रकाशित लघुअनुसन्धान ।

पोखरेल, बाबुराम (२०७९). 'कुन्ता शर्मा : एक सङ्घर्षको कथा'. *सङ्गम अभियान* साहित्यिक मासिक. वर्ष १३. अङ्क १, पूर्णाङ्क १४८.पृ. २६-२८ ।

पोखरेल, भोलानाथ (२०६९). 'नेपाली प्रगतिवादी साहित्यको रूपरेखा'. *चिन्तन प्रवाह* ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपालीउपन्यास.* साझा प्रकाशन ।

यादव, रामरिझन (२०७९). 'दिदीको गर्विलो गाथा'. *सङ्गम अभियान.* साहित्यिक मासिक. वर्ष १३. अङ्क १, पूर्णाङ्क १४८.पृ.३०-३२ ।

रेग्मी, चूडामणि (२०७९). 'कुन्ता शर्माको कवितामा व्यथित नारीका चीत्कार र जागरुक नारीका हुँकार'. *सङ्गम अभियान* साहित्यिक मासिक. वर्ष १३. अङ्क १, पूर्णाङ्क १४८.पृ.७-९ ।

शर्मा, कुन्ता (२०५२/२०६८). *म उभिएको ठाउँ,* (द्वि.संस्क.),आयाम अन्वेषण एन्ड प्रकाशन केन्द्र ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।